# स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले संविधानको धारा २१५को उपधारा (४) बमोजिम गाउँसभाले र धारा २१६ को उपधारा (४) बमोजिम नगरसभाले निर्वाचित गरेका कार्यपालिकाका सदस्य सम्झनुपर्छ।

(च) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ।

(छ) "पदाधिकारी" भन्नाले प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष सम्झनुपर्छ र सो

शब्दले समितिको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ।

(ज) "बैठक भन्नाले" गाँउ सभा,नगर सभा, जिल्ला समन्वय समिति, कार्यपालिका, विषयगत समिति र स्थानीय तहमा जुनसुकै समिति तथा उपसमितिको बैठकलाई सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) तथा धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य, वडा अध्यक्ष, कार्यपालिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत जनाउँछ ।

(ञ) "समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

(ट) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा र नगरपालिकाको हकमा नगर सभा सम्झनुपर्छ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनुपर्छ।

३. <u>सुविधाः</u> (१) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" र अनुसूची बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि मात्र यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

४. <u>यातायात सुविधाः</u> (१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन (कार, जिप, भ्यान, स्कुटर, मोटरसाइकल जस्ता) उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा त्यस्तो सवारी साधनलाई अनुसुची बमोजिमको इन्धन र मोविल खर्च उपलब्ध गराईनेछ ।

(३) सवारी साधन उपलब्ध नभएमा पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम यातायात खर्च वापत पाउनेछन्।

(४) उपदफा (३) बमोजिम यातायात खर्च उपलब्ध गराइएको पदाधिकारी तथा सदस्यले सवारी साधन, इन्धन र मोबिल खर्च पाउने छैनन ।

५. <u>सञ्चार सुविधाः</u> पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा वापत अनुसूची बमोजिमको रकम मोबाइल रिचार्ज, पत्रपत्रिका र इन्टरनेट सुविधा वापत पाउनेछन्।

६. <u>अतिथि सत्कार सुविधाः</u> पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम अतिथि सत्कार सुविधा वापत पाउनेछन् ।

७. <u>बैठक भत्ताः</u> (१) पदाधिकारी तथा सदस्यले प्रत्येक महिनामा बढीमा तीनवटा बैठकसम्मको अनुसूची बमोजिमको बैठक भत्ता पाउने छन् ।

८. <u>अनुगमन भत्ताः</u> (१) पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थानीय तहले सञ्चालन गरेका आयोजना वा

कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा तीनपटकसम्मको अनुसूची बमोजिमको अनुगमन भत्ता पाउने छन् ।

तर अनुगमन गरेवापत दैनिक भ्रमण भत्ता दिइने छैन ।

(२) उपदफा (१) बमोजिमको भत्ता रकम माग गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्नेछ र सोही प्रतिवेदनसमेतका आधारमा मात्र त्यस्तो भत्ता रकम भुक्तानी गरिनेछ ।

९. <u>दैनिक भ्रमण भत्ता:</u> (१) पदाधिकारी तथा सदस्यले कार्यालय कामको सिलसिलामा नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानिय तहको आन्तरिक श्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा दैनिक भ्रमण भत्ता पाउनेछ ।

(२) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिमको लाग्ने यातायात खर्च वापत बिल बमोजिमको रकम पाउनेछ ।

(३) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूचीमा

उल्लेख भए बमोजिमको रकमको दुर्घटना विमा गर्दा लाग्ने शुल्क वापत विल बमोजिमको रकम पाउनेछ ।

(४) पदाधिकारी तथा सदस्यले आफ्नो जिल्ला वाहिर भ्रमण गर्दा मात्र भ्रमण भत्ता पाउनेछ ।

१०. <u>अन्य सुविधाः</u> (१) समितिका प्रमुख र उपप्रमुखलाई उपलब्ध भएसम्म आवास उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आवास उपलब्ध नगराएमा अनुसूची बमोजिम आवास भत्ता उपलब्ध गराउनेछ ।

(३) पदाधिकारी तथा सदस्यले वर्षको एकपटक अनुसूची बमोजिम चाँडपर्व खर्च सुविधा वापतको रकम पाउनेछन् ।

११. <u>दृष्टिविहिन वा अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u> (१) कुनै पदाधिकारी वा सदस्यलाई पूर्ण अशक्त वा अति अशक्त अपाङ्गताका कारण सहयोगीको सेवा आवश्यक पर्ने भएमा कार्यपालिका वा समितिले त्यस्तो पदाधिकारी, वा सदस्यको साथमा रहने निजले रोजेको एकजना सहयोगीको सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीका लागि कार्यालय सहयोगी प्रथमस्तरको शुरु

तलब स्केल बराबरको रकम मासिक सुविधा उपलब्ध गराउनेछ ।

१२. <u>भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः</u> (१) पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाउने भत्ता तथा सुविधा वापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी तथा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

१३. <u>भत्ता नपाउनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना वा कैद रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा सुविधा नपाएको मितिदेखि निजले यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

१४. <u>अन्य सुविधा नपाउनेः</u> स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा पाउने छैनन् ।

तर सरकारी सेवावाट अवकाश प्राप्त कर्मचारी स्थानीय तहको पदाधिकारी तथा सदस्य भएमा निवृतिभरण पाउन बाधा पर्ने छैन ।

१५. अनुसूची हेरफेर गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

१६. खारेजी र बचाउः (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची

(दफा ३, ४, ५, ६, ७, ८, ९ र १० सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(क) गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | १०० लि. | १०० लि. | २५ लि. | - | - |
| २ | मोविल | चौमासिक लिटर | १० लि. | १० लि. | २ लि. | - | - |
| ३ | यातायात खर्च | प्रति महिना | - | १४,५०० | १०,००० | ८,००० | ३,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ४,००० | ३,००० | ३,००० | ३००० | २,००० |
| ५ | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ३००० | २५०० | २,००० | २,००० |
| ६ | अतिथि सत्कार | प्रति महिना रु. | १५,००० | १०,००० | ७,५०० | ७,००० | २,००० |
| ७ | अनुगमन भत्ता | प्रत्येक पटक | ३,००० | २,५०० | २,००० | २,००० | २,००० |
| ८ | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० |
| ९ | बैठक भत्ता | प्रति बैठक रु. | २,००० | २,००० | १,२०० | १,२०० | १,२०० |
| १० | दैनिक भ्रमण | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भत्ता | | | | | | |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १५० | १५० | १५० | १५० |
| १२ | यात्रा बिमा शुल्क (प्रिमियम) | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउने छ ।

२. *पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर,मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दामाथि उल्लिखित दरमा पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(ख) नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क.स | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर. | १२५ लि. | १२५ लि. | ३० लि. | - | - |
| २ | मोविल | चौमासिक लिटर | १० लि. | १० लि. | २ लि. | - | - |
| ३ | यातायात खर्च | प्रति महिना रु. | - | १५००० | १०००० | ८,५०० | ३,००० |
| ४ | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ३,००० | ३,००० | ३,००० | ३,००० | २,००० |
| ५ | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ४५०० | ३,००० | २,००० | २,००० |
| ६ | अतिथि सत्कार | प्रति महिना रु. | १६,५०० | ११,५०० | ८,००० | ७,५०० | २,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | अनुगमन भत्ता | प्रत्येक पटक | ३,००० | २,५०० | २,००० | २,००० | २,००० |
| ८ | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० |
| ९ | बैठक भत्ता | प्रति दिन रु. | २,००० | २,००० | १,५०० | १,५०० | १,५०० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १५० | १५० | १५० | १५० |
| १२ | यात्रा बिमा शुल्क (प्रिमियम) | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउने छ ।

२. *पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर,मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरमा पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(ग) उपमहानगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर. | १५० लि. | १५० लि. | ३५ लि. | - | - |
| २ | मोविल | चौमासिक लिटर | १० लि. | १० लि. | २ लि. | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | यातायात खर्च | प्रति महिना रु. | - | १५,००० | १०,००० | ९,००० | ३००० |
| ४ | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ३,००० | २,५०० | २,००० |
| ५ | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ५,००० | ३,००० | २,५०० | २,००० |
| ६ | अतिथी सत्कार | प्रति महिना रु. | १६,५०० | १३,५०० | ९,००० | ८,००० | ३००० |
| ७ | अनुगमन भत्ता | प्रत्येक पटक | ३,००० | ३,००० | २,५०० | २,५०० | २,५०० |
| ८ | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० |
| ९ | बैठक भत्ता | प्रति दिन रु. | २,५०० | २,५०० | २,००० | २,००० | २,००० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५०० | २,००० | १,६०० | १,६०० | १,६०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| १२ | यात्रा बिमा शुल्क (प्रिमियम) | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउने छ ।

२. *पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर,मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरमा पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(घ) <u>महानगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा</u>

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर. | १५० लि. | १५० लि. | ४० लि. | - | - |
| २ | मोविल | चौमासिक लिटर | १० लि. | १० लि. | २ लि. | - | - |
| ३ | यातायात खर्च | प्रति महिना रु. | - | १५,००० | १०,००० | ९,००० | ३००० |
| ४ | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ३,००० | ३,००० | २,००० |
| ५ | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५५०० | ५,००० | ३,००० | ३,००० | २,००० |
| ६ | अतिथी सत्कार | प्रति महिना रु. | २०,००० | १७,५०० | १०,००० | ८,००० | ३,५०० |
| ७ | अनुगमन भत्ता | प्रत्येक पटक | ४,००० | ३,००० | २,५०० | २,५०० | २,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | चाँडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १५,००० | १५,००० | १५,००० |
| ९ | बैठक भत्ता | प्रति दिन रु. | २,५०० | २,५०० | २,००० | २,००० | २,००० |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५०० | २,००० | १,६०० | १,६०० | १,६०० |
| ११ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| १२ | यात्रा बिमा शुल्क (प्रिमियम) | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउने छ ।

२.	*पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर,मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरमा पचास प्रतिशत रकम मात्र दिइनेछ ।

(ङ) <u>जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले पाउने सुविधा</u>

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर. | १७५ लि. | १७५ लि. | - |
| २ | मोविल | चौमासिक लिटर | १० लि. | १० लि. | - |
| ३ | यातायात खर्च | प्रति महिना रु. | - | १७,००० | १०,००० |
| ४ | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ३,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ५,००० | ३००० |
| ६ | अतिथी सत्कार | प्रति महिना रु. | २०,००० | २०,००० | ११,००० |
| ७ | अनुगमन भत्ता | प्रत्येक पटक | ४,००० | ३,००० | ३,००० |
| ८ | चाँडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १५,००० |
| ९ | आवास भत्ता | मासिक | १५००० | १५००० | |
| १० | बैठक भत्ता | प्रति दिन | २,५०० | २,५०० | २,५०० |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५०० | २,५०० | १,६०० |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १७५ | १७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | यात्रा बिमा शुल्क (प्रिमियम) | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० |

द्रष्टव्यः

१. पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर,मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरमा पचास प्रतिशत रकम मात्र दिइनेछ ।

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रदेश सभावाट मिति २०७७।३।२३ मा पारित भएको यो विधेयक प्रमाणित गर्दछु ।

.........................................................

(मा. सरोज कुमार यादव)

सभामुख